जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १५६ २०८२ साल माघ ६ गते मंगलबार (20 Jan 2026 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुंदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : गुमिरहेको अपार सम्भावना र.. ३ पृष्ठमा : यस्ता छन् प्रतिनिधिसभा ... ३ पृष्ठमा सिरियामा शान्तिको सङ्केत.:.

## डाक्नेश्वरीको सबै स्वास्थ्य चौकीमा सात दिन भित्रै औषधी उपलब्ध गराइने




**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाले सबै स्वास्थ्य चौकीमा सात दिन भित्रै औषधी उपलब्ध गराउने जानकारी दिएको छ ।

सोमबार पालिकाले गरेको पत्रकार सम्मेलनमा नगर प्रमुख रामलखन मलाह र प्रमुख प्रशासकीय अधिकृत विजय कुमार मण्डलद्वारा जारी विज्ञप्तीमा उक्त कुरा उल्लेख गरिएको छ ।

स्वास्थ्य शाखाका सहसंयोजक महेश कुमार पण्डितले औषधि निकासा नै नगरी बुझिलिएको भपाई गराउन खोजेको कुरा कपोकल्पित, झुठा रहेको र स्वास्थ्य शाखाबाट खरीद भएको औषधि तथा सर्जिकल सामग्रीको भपाई पीएएमएस भी२ विधि अनलाइन माध्यमबाट माग फारम, खरीद आदेश, दाखिला र हस्तान्तरण फारम समेत यसै सफ्टवेयरबाट मात्र संचालन भएको हुँदा त्यसमा कुनै पनि किसिमको गलत भपाई गराउन नसकिने व्यवस्था रहेको विज्ञप्तीमा जनाइएको छ ।

नगरपालिकाका केही स्वास्थ्यकर्मीले एक साता अघि पत्रकारै सम्मेलनको आयोजना गरी औषधि खरीद नगरेपनि आफूहरुसँग बुझाएको भर्पाई माग गरेको र नदिँदा सरुवा गरेको आरोप लगाएका थिए । अब भ्रामक अभिव्यक्ति तथा टिकाटिप्पणी गर्ने कर्मचारीलाई आवश्यक कार्वाहीको प्रकृया अगाडि बढाइने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सरुवा तथा औषधीको विषयलाई लिएर भ्रामक अभिव्यक्ति तथा टिकाटिप्पणी गर्ने आफ्ना कर्मचारीलाई कार्वाही गर्ने जनाइएको छ ।

निश्चित अवधीको कार्य सम्पादान मूल्यांकनको आधारमा हुने कर्मचारीको स्तरबृद्धि प्रचलित कानुन अनुसार नै हुने गरेको र यसमा लेनदेन र पहुँचको आधारमा सम्भावना नै नभएको अवस्थामा लगाइएको आरोप कपोकल्पित र निराधार छ' विज्ञप्तीमा भनिएको छ ।'

इबिडिङ मार्फत ठेक्का गरी औषधि खरीद गरिसकिएको र अबको एक साताभित्रै पालिकाको सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा औषधि तथा सर्जिकल सामग्री हस्तान्तरण गरिने पत्रकार सम्मेलनमा स्वास्थ्य शाखाका सहसंयोजक पण्डितले जानकारी दिए ।

## अपहरणको घटनामा दुई घाइते



**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

सप्तरीको खडक नगरपालिका ५ स्थित खरचुइयामा अपहरणको घटनामा दुई जना घाइते भएका छन् । घाइते हुनेमा सिरहाको लहान निवासी ताहिर मियाँ र सुदन मियाँ छन् ।

आईतबार ताहिर र सुदन जग्गा खरिद गर्ने विषयमा प्रदेश ०२-०१-००१च ०९०६ नम्बरको स्करपियोमा चढेर खडक नगरपालिका ५ खरचुइया आएका थिए । सोही क्रममा राति करिब १० बजे ५-६ जनाको समूहले उनीहरुलाई नियन्त्रणमा लिई बाँधेर अपहरण गरेर नजिकैको जंगलमा लगि फिरौती रकम माग गरेको बताइएको छ ।

दुवै पक्षबिच हानाहान भएपछि अपहरणकारीले गोली फायर गर्दा दुवै जना घाइते भएको स्थानियहरु बताउँछन् । अपहरणकारीहरुले आफ्नो पहिचान खुल्ने डरले दुवै जनामाथि गोली प्रहार गर्न खोज्दा ताहिर र सुदन घाइते भएको जनाइएको छ ।

घटनाबारे प्रहरीलाई

*बाँकी अन्तिम पृष्ठमा*

## जीर्ण सडक निर्माणका लागि दुई दिनदेखि सडकमै खाट र ढाट

**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

सप्तरीको कठौना-पातो सडकको कुशाहा खण्डमा स्थानीयले सडकमै खाट र ढाट लगाएर आवागमन ठप्प पारेका छन् ।

जीर्ण सडक मर्मतको माग गर्दै विगत दुई दिनदेखि उक्त मार्गको ठाउँ ठाउँमा भएको खाल्डा खुल्टी भर्ने तथा कालोपत्रे गर्ने कार्यमा ढिलाई भइरहेको भन्दै स्थानीयले सरकारको ध्यानकर्षण गराएका छन् ।

सडकमै खाट र ढाट लगाएर आवागमन ठप्प पारेकाले उक्त मार्गबाट सवारी साधन नचल्दा सर्वसाधारण सास्ती भोग्न बाध्य भएका छन् ।

शम्भुनाथ नगरपालिका, डाक्नेश्वरी नगरपालिका तथा आसपासका पालिकाको वासिन्दाका एक मात्र विकल्पको रुपमा रहेको सो मार्गमा विगत १०-१२ वर्षदेखि सडक निर्माणाधीन अवस्थामा छ ।

पातोदेखि कठौनासम्मको करीब १८ किलोमिटर लामो सडकको कतिपय स्थानमा अझै कालोपत्रे नभई सडक जीर्ण छ । जसकारण दुर्घटनाको जोखिमसँगै त्यस भेगका जनताका लागि वर्षौदेखि हिलो र धुलो नियती जस्तै बनिसकेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## वृद्धको रहस्यमय मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

सप्तरीको खडक नगरपालिकामा एक वृद्धको रहस्यमय मृत्यु भएको छ । नगरपालिकाको वडा नं. ७ स्थित कल्याणपुरमा ८५ वर्षीय असर्फी साहको आईतबार राति रहस्यमय अवस्थामा मृत्यु भएको हो ।

मृतक साह र उहाँकी श्रीमती आईतबार राति ९ बजे कोठामा सुत्न गएपछि उनका छोराले बाबुआमाको कोठामा बाहिरबाट ताल्चा लगाई आफू अर्को कोठामा सुत्न गएका थिए ।

सोमबार बिहान बाबु आमालाई हेर्न जाँदा ढोका नखुलेपछि ढोका फुटाई भित्र प्रवेश गर्दा साह मृत अवस्थामा फेला परेको उनका छोरा जोगेन्द्र साहले बताए ।

घटनाबारे बिहान ७ बजे जानकारी आएपछि घटनास्थल सुरक्षित राखेर अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

*बाँकी अन्तिम पृष्ठमा*

**सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# गुमिरहेको अपार सम्भावना र सुधारको पखाइमा सङ्ग्रहालय

**ओमप्रकाश घिमिरे**

काठमाडौँ, ५ माघ (रासस)।

सन् २०२५ को नोभेम्बर १ तारिखमा इजिप्टले करिब साढे एक अर्ब डलर लगानी गरेर निर्माण गरेको ग्रान्ड इजिप्सियन म्युजियम विश्वका ७९ देशका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा उद्घाटन गर्‍यो। देशभरि सार्वजनिक बिदा दिएर उद्घाटन गरिएको सो कार्यक्रमका अतिथिहरूले इजिप्टको सभ्यता र संस्कृति विश्वकै लागि एक महत्वपूर्ण वैभव भएकाले मानव सभ्यताका ती प्रमाणहरू हेर्न विश्वका हरेक मानिसहरू यो सङ्ग्रहालय आउनुपर्छ भन्ने सन्देश दिएका थिए भने विश्वभरिकै 'मिडिया'मा यो विषयको भव्य चर्चा पनि भयो।

सङ्ग्रहालयकै अर्को प्रसङ्ग जोडौँ। करिब एक अर्ब ४२ करोड जनसङ्ख्या रहेको छिमेकी मुलुक चीनमा त्यहाँको सरकारले ९० प्रतिशत सङ्ग्रहालयमा निःशुल्क प्रवेश गर्ने व्यवस्था गरेको छ, जहाँ सन् २०२४ मा करिब एक अर्ब ५० करोड मानिसले सङ्ग्रहालय भ्रमण गरेका थिए। सन् २०१६ गरिएको एक अध्ययनअनुसार संयुक्त राज्य अमेरिकामा सङ्ग्रहालयले सात लाख २६ हजारभन्दा बढी मानिसलाई रोजगारी दिएको छभने वार्षिक ५० अर्ब डलरभन्दा बढी राष्ट्रिय अर्थतन्त्रमा योगदान गरेको छ।

यी केही उदाहरणहरू हुन् जसले सङ्ग्रहालयलाई पुराना वस्तुको भण्डारण गृहको सीमित दायराको परम्परागत बुझाइलाई राष्ट्रिय पहिचान, गरिमा, पर्यटक आकर्षण र अर्थतन्त्रको उत्प्रेरकसमेत हो भन्ने फराकिलो दायरामा बुझ्ने तथ्यगत आधारहरू दिन्छ। सङ्ग्रहालयको यही सम्भावना देखेर विश्वका धेरै मुलुकले अहिले सङ्ग्रहालय निर्माणमा ठूलो लगानी गरेका छन्। उदाहरणका लागि, गत नोभेम्बरमा उद्घाटन गरिएको इजिप्टको सङ्ग्रहालयको लगानी करिब डेढ अर्ब डलर अर्थात् दुई खर्ब नेपाली रुपैयाँभन्दा बढी हुन्छ। सङ्ग्रहालय इतिहास, ज्ञान, स्मृति, पहिचान र संवादका केन्द्र हो, जसले समाजलाई आफ्ना विगतसँग जोड्दै वर्तमान र भविष्यका लागि मार्गदर्शन समेत गर्दछ। शिक्षा, अनुसन्धान, संरक्षण र जनसञ्चारका माध्यमबाट सङ्ग्रहालयले सामाजिक रूपान्तरणको भूमिका बढाइरहेको छ। विश्वमा अहिले सङ्ग्रहालय हरेक देशको सफ्ट पावर (नरम शक्ति) का रुपमा पनि मानेको छ र ठूलो लगानी भइरहेको छ।

**नेपालमा सङ्ग्रहालयको अवस्था**

विश्वमा आधुनिक सङ्ग्रहालयको सुरुआत आजभन्दा झन्डै साढे तीन सय वर्षअघि सन् १६८२ मा बेलायतमा स्थापना भएको अस्मोलिन म्युजियमबाट भएको मानिन्छ। नेपालमा भने विश्वमा आधुनिक सङ्ग्रहालय स्थापना भएको साढे दुई सय वर्षपछि अर्थात् १९९५ सालमा स्थापना भएको नेपाल म्युजियम पहिलो सङ्ग्रहालय हो। २०२४ सालमा उक्त सङ्ग्रहालय राष्ट्रिय सङ्ग्रहालयमा रुपान्तरित भयो। अहिले यो परिसरभित्र राष्ट्रिय सङ्ग्रहालय र राष्ट्रिय मुद्रा सङ्ग्रहालय सञ्चालनमा छन्।

युनेस्कोको तथ्याङ्कअनुसार विश्वभर एक लाख चार हजारभन्दा बढी सङ्ग्रहालय सञ्चालनमा छन्। नेपालमा भने करिब एक हजार सङ्ग्रहालय दर्ता भएको अनुमान गरिएको छ। तर ती सबै सङ्ग्रहालय सञ्चालनमा आएका छैनन्। सङ्ख्यात्मक बृद्धिसँगै विश्वभर सङ्ग्रहालयको आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य प्रभावहरू समेत फैलिदै गएको छ। नेपालमा भने अझै पनि सङ्ग्रहालयप्रतिको बुझाइ र अभ्यास परम्परागत शैलीकै देखिन्छ।

विसं २००७ सालमा प्रजातन्त्र आएपछि सम्पदा, संस्कृति र इतिहासको संरक्षण गर्नु राज्यको दायित्व हो भन्ने कुरा २००७ सालको संविधानमा उल्लेख गरियो र त्यसपछि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन ल्याई त्यसैलाई कानूनी आधार मान्दै विभिन्न सङ्ग्रहालयहरू निर्माणमा राज्यले अग्रसरता लियो। हाल सञ्चालनमा रहेका राष्ट्रिय काष्ठकला सङ्ग्रहालय, राष्ट्रिय मुद्रा सङ्ग्रहालय, राष्ट्रिय धातुकला सङ्ग्रहालय, हनुमानढोका सङ्ग्रहालय, पाटन सङ्ग्रहालय त्यसैको उपज हुन् भन्न सकिन्छ।

अहिलेको संविधानले सङ्घीय, प्रदेश र स्थानीय तिनै तहका सरकारलाई सङ्ग्रहालय स्थापना र सञ्चालनको अधिकार दिइएको छ। तर संविधानले दिएको अधिकारलाई स्पष्ट पार्ने गरी सङ्ग्रहालय सम्बन्धमा सङ्घीय कानून बन्न नसक्दा सङ्ग्रहालयको सञ्चालन र व्यवस्थापनको बृहत्तर कानूनी आधार छैन। यद्यपि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सङ्ग्रहालय सञ्चालनको अधिकार स्थानीय सरकारलाई दिएको छ। यही कानुनी आधारलाई टेकेर पछिल्लो समयमा स्थानीय तहमा सङ्ग्रहालय खुल्ने क्रम पनि बढेको छ तर सङ्ग्रहालयको स्थापना र सञ्चालनका लागि अनिवार्य रुपमा सुनिश्चित गर्नुपर्ने आधारभूत मापदण्ड नहुँदा र सङ्ग्रहालयको दर्ता तथा अनुगमन गर्ने विशिष्ट निकाय नहुँदा नयाँ खुलेका सङ्ग्रहालय व्यवस्थित बन्न सकेको देखिँदैन।

सङ्ग्रहालय दर्ता र सञ्चालनको क्रम समेत बढेता पनि यसको सङ्ख्या समेत कति छ भन्ने बारेको यकिन आँकडा छैन। सङ्ग्रहालयहरू जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिट्रार कार्यालय, स्थानीय सरकारलगायतका विभिन्न निकायमा दर्ता भएका कारण एकै ठाउँमा यिनीहरूको आँकडा पाउन कठिन छ तर पनि सरकारी क्षेत्रसँगै समुदाय, विश्वविद्यालय, धार्मिक संस्थाहरू, निजी क्षेत्र र गैरसरकारी क्षेत्रबाट समेत सङ्ग्रहालय सञ्चालन गर्ने क्रम बढेकाले यसप्रति धेरैको चासो बढेको सङ्केत गर्दछ। राष्ट्रिय समाचार समिति (रासस)ले पनि गतवर्ष मिडिया सङ्ग्रहालयको स्थापना गरी नेपाली सञ्चार क्षेत्रमा अध्ययन अनुसन्धानको नयाँ ढोका खोलेको छ। यसैगरी अन्य विषयगत एवं क्षेत्रगत सङ्ग्रहालयहरूको पनि स्थापना हुँदै जाँदा सम्बन्धित विषय वा क्षेत्रको मात्र नभई समग्र राष्ट्रकै गहना बढ्न जाने हुन्छ।

अन्तरराष्ट्रिय सङ्ग्रहालय परिषद् (आइकम) को नेपाल च्याप्टर आइकम नेपालका अनुसार नेपालमा साना ठूला गरी करिब एक हजार सङ्ग्रहालय दर्ता भएको अनुमान गरिएको छ भने वार्षिक रुपमा करिब ३० लाख मानिसले सङ्ग्रहालय भ्रमण गर्ने गरेको अनुमानित आँकडा छ। सङ्ग्रहालय खुल्ने क्रम बढेसँगै करोडौँको लगानी भइरहेको छभने सयौँले रोजगारी पनि पाएका छन्। उदाहरणका लागि, दाङ जिल्लाको दङ्गीशरण गाउँपालिकामा सामुदायिक स्तरबाट सञ्चालित थारू सङ्ग्रहालयले १४ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ।

**स्पष्ट संवैधानिक व्यवस्था, अस्पष्ट कानून**

नेपालको संविधान २०७२ ले संस्कृति र सम्पदालाई राज्यको नीतिगत प्राथमिकतामा राख्दै धारा ५१ मा संस्कृति, सम्पदा, सभ्यता, भाषा र विविधताको संरक्षण र प्रवर्द्धनमा राज्यको भूमिका स्पष्ट उल्लेख गरेको छ। त्यसैगरी, धारा ३२ ले मौलिक हकको रुपमा प्रत्येक नागरिक र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। सरकारी, निजी र सामुदायिक सबै क्षेत्रबाट खुलेका सङ्ग्रहालयहरूले संविधानले उल्लेख गरेको संस्कृति, सम्पदासम्बन्धी राज्यको दायित्व र नागरिकको मौलिक हक कार्यान्वयनमा महत्वपूर्ण योगदान गरेको देखिन्छ।

यी सङ्ग्रहालयहरू नेपाली समाज, इतिहास, सभ्यता र संस्कृतिका संरक्षक मात्र नभई शिक्षा र पर्यटनका महत्वपूर्ण केन्द्रका रुपमा पनि विस्तारित भएका छन्। तर यति महत्वपूर्ण भूमिका निर्वाह गरिहरेका सङ्ग्रहालयको दर्ता, सञ्चालन, अभिलेखीकरण र नियमनका लागि कुनै विशिष्ट कानुन र निकाय नहुनुले यस क्षेत्रमा राज्यको कमजोर अवस्थालाई चित्रण गर्दछ।

नेपालको राष्ट्रिय संस्कृति नीति २०६७ ले सङ्ग्रहालयलाई बहुआयामिक ढङ्गले विकास गर्ने लक्ष्य उल्लेख गर्दै विशिष्ट सङ्ग्रहालय ऐन निर्माण गर्ने कुरा उल्लेख गरेको छ। तर नीति बनेको १५ वर्ष बितिसक्दा पनि सङ्ग्रहालयसम्बन्धीको कानुन बन्न सकेको छैन। यसको अभावमा नेपालको इतिहास, संस्कृति, सम्पदा र राष्ट्रिय गौरव र चिनारी विश्वमा फैलाउने तथा आम्दानीको रुपमा समेत विकास गर्ने अवसर नेपालले गुमाइरहेको छ। युनेस्कोले सङ्ग्रहालयलाई सिर्जनशील अर्थतन्त्रको महत्वपूर्ण धरोहर मानेको छ। नेपालले पनि आर्थिक लाभको सम्भावनालाई कानुन, संस्थागत संरचना, अनुगमन, सहजीकरण र तथा मापदण्ड बनाई व्यवस्थापन गरी सिर्जनशील अर्थतन्त्रको बलियो खम्बाका रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

**अबको बाटो**

सङ्ग्रहालय स्थायी र सार्वजनिक संस्था भएकाले यसका केही विश्वव्यापी मान्यताहरू छन्। ती मान्यतालाई समेत ख्याल गर्दै हाम्रा सबै सङ्ग्रहालयको उद्देश्य, प्रकार, जनशक्ति, लगानी, भवन डिजाइन, सुरक्षा, आगन्तुक लगायतका आधारभूत कुराको स्पष्ट भई यी विश्वव्यापी मान्यता सुनिश्चित गर्नु अनिवार्य हुन्छ। तर अहिले स्थापना भएका अधिकांश सङ्ग्रहालयले न्यूनतम मान्यता पूरा गरेको देखिँदैन न त त्यसको आधार तोक्ने र परीक्षण गर्ने निकाय नै छ। यही कारण नयाँ सङ्ग्रहालयहरू कुनै मापदण्डलाई आधार मानेरभन्दा पनि आफ्नो अनुकूलताअनुसार खुलेका छन्। कतिपयले ग्यालरीलाई पनि सङ्ग्रहालय भनिरहेका छन्। जबसम्म सङ्ग्रहालयसम्बन्धी कानुनमार्फत सङ्ग्रहालय स्थापना, सञ्चालन, सुरक्षा लगायतका आधारभूत पक्षलाई राष्ट्रिय मापदण्डबाट निर्दिष्ट गरिँदैन, तबसम्म सङ्ग्रहालयको समस्या र अन्योलता बढेर जानेछ।

यदि अहिले नै सङ्ग्रहालयका लागि संविधान र संस्कृति नीतिले परिकल्पना गरेबमोजिमको कानुन निर्माण गरी त्यसको मापदण्डसमेत बनाउन आवश्यक छ। सोही मापदण्डका आधारमा सङ्ग्रहालयको अनुगमन र सहजीकरण समेत गर्नका लागि एक विशिष्ट निकाय आवश्यक पर्छ। त्यस निकायले मापदण्ड अनुपालनको सुनिश्चित गर्न अनुगमन गर्ने, अनुमति दिने र साना तथा स्थानीय सङ्ग्रहालयहरूलाई आर्थिक लगानी गर्ने कोषसमेत निर्माण गरेमा सङ्ग्रहालयलाई व्यवस्थित गर्न सकिन्छ। यो कार्य जति ढिला हुन्छ, सङ्ग्रहालय क्षेत्रमा त्यति नै समस्या थपिँदै जानेछ।

सङ्ग्रहालयलाई अन्योलतातर्फ जानबाट रोक्न र यसको सम्भावनाबाट अधिकतम लाभ लिन नयाँ राष्ट्रिय सङ्ग्रहालय नीति, सङ्घीय सङ्ग्रहालय ऐन र संस्थागत संरचना आवश्यक छ। यसो गर्न सकेमा सङ्ग्रहालयलाई इतिहास, संस्कृति, सम्पदाको विकास केन्द्रसँगै दिगो विकास र सामाजिक रूपान्तरणको आधार बनाउन सकिनेछ। (लेखक अन्तरराष्ट्रिय सङ्ग्रहालय परिषद् राष्ट्रिय समिति नेपालका कोषाध्यक्ष हुनुहुन्छ)

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक बन्दसूचीका उम्मेदवारको नाम सार्वजनिक

काठमाडौँ, ५ माघ (रासस)।

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलबाट पेस भएका समानुपातिक तर्फका तीन हजार २१३ जना उम्मेदवारको बन्दसूची सार्वजनिक गरेको छ।

प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२ को दफा २५ बमोजिम आइतबार बन्दसूची सार्वजनिक गरिएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। सार्वजनिक विवरणमा ५७ निर्वाचन चिह्नमा ६३ राजनीतिक दलबाट पेस भएका तीन हजार २१३ जना उम्मेदवारको बन्दसूची प्रकाशन गरिएको उल्लेख छ।

उक्त बन्दसूचीमा नाम समावेश भएका कुनै उम्मेदवारको योग्यताको सम्बन्धमा दाबी विरोध गर्न चाहने कुनै मतदाताले यही माघ ५ देखि माघ १० गतेसम्म बिहान १० देखि दिउँसो ४ बजेभित्र आयोगको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित भई दाबी विरोध गर्न आयोगले आग्रह गरेको छ। दाबी विरोधका लागि निर्देशिकाबमोजिम निर्धारित ढाँचामा उजुरी गर्न सकिने पनि आयोगका प्रवक्ता भट्टराईले बताउनुभयो।

# यस्ता छन् प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्दा पेस गर्नुपर्ने कागजात

काठमाडौँ, ५ माघ (रासस)।

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ यही मङ्गलबार उम्मेदवारको मनोनयन गर्दा हुँदैछ। निर्वाचन कार्यतालिकाअनुसार पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत दलहरूले पनि उम्मेदवार छनोट प्रक्रिया सुरु गरिसकेका छन्।

यसअघि निर्वाचन आयोगले माघ २ गते सबै निर्वाचन क्षेत्रमा मुख्य निर्वाचन अधिकृत एवं निर्वाचन अधिकृतका कार्यालयहरू स्थापना गरिसकेको छ। आयोगले उम्मेदवारी दर्ता गर्दा आवश्यक कागजातसहित आउन अपिलसमेत गरेको छ।

निर्वाचनमा भाग लिने उम्मेदवारले मनोनयन पत्र दर्ता गर्दा मतदाता नामावली ऐन, २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४, प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४, प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ र निर्वाचन आचारसंहिता, २०८२ बमोजिम तपसिल बमोजिमका कागजात पेस गर्नुपर्ने व्यवस्था गरेको छः

१. उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र मतदाता परिचयपत्रको प्रतिलिपि।

२. कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा।

३. उम्मेदवार दिँदा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थाबाट पारिश्रमिक पाउनेगरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा।

४. उम्मेदवार हुने व्यक्तिले आफ्नो तर्फबाट निर्वाचन प्रतिनिधि तोकी उम्मेदवारी मनोनयन गर्ने भएमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २४ सँग सम्बन्धित अनुसूची-११ बमोजिमका प्रतिनिधि मुकरर गरेको फाराम।

५. प्रचलित कानुनबमोजिम योग्यता पुगेको व्यक्तिले मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ८ बमोजिम सोही निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका एक जना प्रस्तावक र अर्को एक जना समर्थक भई विवरण भरी सहीछाप गरेको मनोनयन पत्र।

६. दलका तर्फबाट उम्मेदवारी दिएको भए उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको त्यस्तो दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीले प्रदान गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची-७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र। तर एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा सहभागी दलहरूको हकमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची-८ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र।

७. प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवारका लागि १० हजार रुपैयाँ सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा धरौटी जम्मा गरेको रसिद वा भौचर। तर महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा ५० प्रतिशत छुट हुनेछ (आर्थिक रूपले विपन्न भएकाको हकमा सम्बन्धित स्थानीय तहले आर्थिक रूपमा विपन्न भनी सिफारिस गरेको पत्र)।

८. उम्मेदवार हुने व्यक्तिले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा १८ सँग सम्बन्धित अनुसूची-६ बमोजिमको स्वघोषणा पत्र।

९. उम्मेदवार हुने व्यक्तिले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २१ सँग सम्बन्धित अनुसूची-९ बमोजिमको ढाँचामा आफ्नो चल, अचल सम्पत्ति, बैङ्क तथा वित्तीय संस्थामा रहेको खाता, धितोपत्र, सेयर, ऋणपत्र, कसैलाई ऋण दिएको वा लिएको भए त्यसको समेत सम्पूर्ण विवरण उल्लेख गरी सिलबन्दी रूपमा पेस गरेको सम्पत्ति विवरण।

१०. उम्मेदवार हुने व्यक्तिले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २२ सँग सम्बन्धित अनुसूची-१० बमोजिम भरिएको वैयक्तिक विवरण फाराम।

११. उम्मेदवार हुने व्यक्तिले आफू निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट कुनै पनि प्रकारको पेस्की लिएको भए सो पेस्की फछ्र्यौट भएको व्यहोराको निस्सा।

१२. लेखापरीक्षणबाट कुनै पनि उम्मेदवारको नाममा किटानी साथ असुलउपर गर्नुपर्ने भनी कायम भएको बेरुजु भए सो बेरुजु फछ्र्यौट गरेको निस्सा।

१३. निर्वाचन आचारसंहिता, २०८२ को अनुसूची-३ बमोजिमको प्रतिबद्धता पत्र।

# जलविद्युत् आयोजनामा पूर्व मञ्जुरीको व्यवस्थाबाट आदिवासी/जनजाति समुदाय लाभान्वित

**प्रकाश सिलवाल**

काठमाडौँ, ५ माघ (रासस)।

स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिआइसी) को अन्तरराष्ट्रिय प्रावधानअनुसार नेपालका विभिन्न जलविद्युत् आयोजनाबाट आदिवासी/जनजाति समुदायको विकासका लागि योजनाबद्ध बजेट तर्जुमा सुरु भएको छ।

नेपाल आदिवासी जनजाति महासङ्घ, सङ्घीय परिषद् र आयोजनास्थलका समुदायका प्रतिनिधिको सहजीकरणमा २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१, १०६१ मेगावाटको माथिल्लो अरुण र ६७० मेगावाट दूधकोशी जलाशय क्षेत्रमा आदिवासी जनजाति विकास योजना (आइपिपी) अनुसार आयोजनाबाट बजेट प्रबन्ध हुन थालेको हो। कुनै पनि ठूला आयोजना सञ्चालन गर्दा प्रकृतिको दोहन हुने र आदिवासी जनजातिको परम्परा तथा रोजीरोटी गुम्न सक्ने भएकाले आयोजना सञ्चालन पूर्व ती समुदायको पूर्व मञ्जुरी लिनुपर्ने र त्यसबापत आदिवासी जनजाति विकास योजना तर्जुमा गरी बजेट विनियोजन गर्नुपर्ने प्रक्रिया नेपालमा यसअघि कार्यान्वयनमा आएको थिएन। यसबाट आयोजना पक्ष र समुदाय दुवैलाई लाभ हुने स्थिति उत्पन्न भएको नेपाल आदिवासी जनजाति महासङ्घले जनाएको छ।

महासङ्घ, सङ्घीय परिषद्का महासचिव दिवस राईले समुदायलाई केवल प्रभावित पक्षका रूपमा नभई विकासको साझेदारका रूपमा स्थापित गर्न अन्तरराष्ट्रिय मान्यताअनुसार समुदायले अधिकारमुखी आन्दोलन सञ्चालन गरेको प्रतिफलका रूपमा यो प्राप्ति भएको बताउनुभयो। "आयोजना सञ्चालन गर्दा अब यस प्रकारको मञ्जुरी प्रक्रिया अवलम्बन गर्नुपर्छ। नत्र लगानी हुँदैन। सरकारले आयोजना बनाउन पाउँदैन। यो एक प्रकारको सर्तसहितको मञ्जुरी हो, सर्त पूरा नभए समुदायले चाहेको समयमा फिर्ता लिन पनि सक्नेछन्", उहाँले भन्नुभयो।

महासचिव राईले स्थानीय सरकार, आदिवासी जनजातिको समुदायको समिति, परम्परागत संस्था, युवा, महिला, ज्येष्ठ नागरिकलगायत सबैको प्रतिनिधित्वमा सहमति खोजिने र सहमति हुन्न भन्ने अधिकार आदिवासी जनजातिको रहने बताउनुभयो।

यस प्रकारको बजेट प्रबन्धबाट आयोजना प्रभावित क्षेत्रमा स्थानीय रूपमा धारा, गुम्बा आदि विकास कार्यक्रममा बजेट प्राप्त हुनेछ। महासङ्घमा आफूहरूले नेतृत्व गरेपछि आदिवासी जनजाति समुदायको अधिकारमुखी आन्दोलनले गति लिएको र उक्त कार्य पनि एक महत्त्वपूर्ण उपलब्धि भएको उहाँको भनाइ छ।

महासङ्घका उपाध्यक्ष लाक्पा शेर्पा कुनै आयोजना सञ्चालन हुँदा आदिवासी जनजाति समुदायलाई प्रभावित हुन सक्ने र प्राकृतिक स्रोतको दोहन हुने भएकाले आदिवासी जनजातिहरूको भूमि, क्षेत्र र स्रोतहरूको अधिकारलाई असर गर्ने परियोजनाहरूको सञ्चालन गर्दा स्वतन्त्र पूर्व सूचनासहितको मञ्जुरी प्रक्रियाको आरम्भ हुनु सकारात्मक भएको बताउनुहुन्छ। उक्त प्रक्रियामा सरकार पक्ष राष्ट्र भए पनि कार्यान्वयन नभएको सन्दर्भमा हरित ऊर्जाको प्राथमिकीकरणका लागि पनि कोसेढुङ्गा हुने भएको छ।

कार्बन उत्सर्जन नहुने खालका उत्पादनमा प्राथमिकतासहित विश्व बैङ्कलगायत अन्तरराष्ट्रिय बैङ्क र लगानीकर्ताले यसलाई अँगालेपछि लगानी भित्र्याउन सहज हुने भएकाले पनि पूर्व मञ्जुरी र योजनाबद्ध विकासका लागि बजेट व्यवस्थाको क्रम सुरु भएको शेर्पाले बताउनुभयो।

जलविद्युत् आयोजना विकास, निर्माण र सञ्चालनका क्रममा प्रभावित आदिवासी जनजाति समुदायको अधिकार सुनिश्चित गर्न एफपिआइसी प्रक्रिया अवलम्बन गर्न अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) महासन्धि-१६९ मा नेपाल पक्ष राष्ट्र भइसकेको छ। साथै संयुक्त राष्ट्रसङ्घीय आदिवासी जनजाति अधिकार घोषणापत्रले पनि यस अधिकारलाई सुनिश्चित गरेको छ। माथिल्लो त्रिशूली, माथिल्लो अरुण र दूधकोसी जलाशय आयोजना क्षेत्रका आदिवासी जनजाति समुदाय लामो समयदेखि भूमि उपयोग, प्राकृतिक स्रोतको पहुँच तथा जीविकोपार्जनमा परेको प्रभावका विषयमा उचित क्षतिपूर्ति र लाभको माग गर्दै आएका थिए। महासङ्घ सङ्घीय परिषद्को समन्वयमा सरोकार भएका निकायसँग भएको छलफल र सहमतिपछि लाभांश वितरण प्रक्रिया अघि बढाइएको जनाइएको छ।

आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्रको धारा १९ ले राज्यहरूलाई आदिवासी जनजातिलाई असर गर्न सक्ने विधायकी वा प्रशासनिक उपायहरू अपनाउनु र कार्यान्वयन गर्नुअघि उनीहरूको स्वतन्त्र, पूर्व र सूचित सहमति प्राप्त गर्नका लागि प्रतिनिधि संस्थाहरूमार्फत सद्भावपूर्वक परामर्श र सहयोग गर्न आवश्यक हुने भनेको छ।

घोषणापत्रको धारा ३२ ले आदिवासी जनजातिलाई असर गर्ने कानुन वा प्रशासनिक नीतिहरू अपनाउन भनेको छ। खानी र अन्य उपयोग वा स्रोतहरूको शोषणसहित आदिवासी जनजातिको भूमि, क्षेत्र र स्रोतहरूको अधिकारलाई असर गर्ने परियोजनाहरूको सञ्चालन गर्दा स्वतन्त्र पूर्व सूचनासहितको मञ्जुरी प्रक्रिया गराउनुपर्ने भनिएको छ। योजनामा स्थानीय आदिवासी जनजाति समुदायका लागि आधारभूत खानेपानी, शिक्षा, स्वास्थ्य, धार्मिक परम्परागत रीतिथिति, स्थानीय पूर्वाधार तथा जीविकोपार्जन प्रवर्द्धनकाकार्यक्रम समावेश गरिन्छ।

## विश्व समाचार

### सिरियामा शान्तिको सङ्केत : सरकार र एसडीएफबीच सहमति

रक्का (सिरिया), ५ माघ (रासस/एपी)।

सिरियाली सरकारले कुर्द नेतृत्वको सिरियन डेमोक्रेटिक फोर्सेस (एसडीएफ) सँग युद्धविरामको घोषणा गरेको छ, जसलाई देशको एकता र स्थायित्वतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ। यस सम्झौतापछि सरकारी सेनाले रक्का र देइर एज्-जोरलगायत रणनीतिक क्षेत्रहरूमा नियन्त्रण बढाएको छ भने एसडीएफले रक्तपात रोक्न ती क्षेत्रहरूबाट आफ्ना लडाकु फिर्ता गर्ने सहमति जनाएको छ। रक्षा मन्त्रालयले सम्झौतिसँगै सबै मोर्चामा तत्काल लडाइँ रोक्न आदेश दिएको छ।

यो युद्धविराम यस महिनाको सुरुआतमा पूर्वी अलेप्पो क्षेत्रमा सरकारी सेना र एसडीएफबीच भएको भीषण झडपपछि आएको हो। त्यस झडपले स्थिति थप तनावग्रस्त बनेको थियो र हजारौँ नागरिक विस्थापित भएका थिए। सम्झौता अघि दुवै पक्षले एकअर्कामाथि सहमति उल्लङ्घन गरेको आरोप लगाउँदै आएका थिए, जसका कारण मार्चमा भएको एकीकरण सम्झौता प्रभावकारी हुन सकेको थिएन।

राष्ट्रपति अहमद अल-शाराआले सम्झौतामा हस्ताक्षर गर्दै यसलाई सबै सिरियालीहरूको जित भएको बतायनुभयो। उहाँले देशलाई विभाजन र द्वन्द्वबाट निकालेर एकता, सुरक्षा र विकासतर्फ लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो। सम्झौतिअनुसार एसडीएफलाई क्रमशः विघटन गरी उसका लडाकुहरूलाई सिरियाली सेना र सुरक्षा निकायमा समाहित गरिनेछ भने उसका वरिष्ठ अधिकारीहरूलाई राज्य संरचनामा जिम्मेवारी दिइनेछ।

अमेरिकी दूत टम बाराकले यो सम्झौताले एकीकृत सिरियातर्फ संवाद र सहकार्यको नयाँ ढोका खोलेको बताउनुभएको छ। उहाँका अनुसार यो युद्धविराम दीर्घकालीन शान्ति स्थापना गर्ने दिशामा महत्वपूर्ण मोड हो। यसैबीच, रक्का शहरमा सरकारी सेनाको प्रवेशपछि स्थानीय बासिन्दाहरूले उत्सव मनाएका छन् भने कुर्द बहुल क्षेत्र कामिश्लीमा भने सम्झौताप्रति आशा र आशङ्का दुवै देखिएको छ।

### अनलाइन अपराध नियन्त्रणमा नयाँ कदमको आवश्यकता

पेरिस, फ्रान्स, ५ माघ (रासस/एएफपी)।

फ्रान्स र बेलायतले बालबालिकाहरूलाई सामाजिक सञ्जाल प्रतिबन्ध गर्ने विचार गरिरहेका छन्। अष्ट्रेलियाले गत महिनामा १६ वर्षमुनिका बालबालिकालाई इन्स्टाग्राम, फेसबुक, टिकटक र युट्युब जस्ता लोकप्रिय प्लेटफर्म प्रयोग गर्न रोक्दा यो विषय विश्वव्यापी बहसमा परेको छ।

प्रतिबन्ध समर्थकहरू बालबालिकाको मानसिक स्वास्थ्य बिग्रँदै गएको अवस्थामा तत्काल कदम आवश्यक रहेको बताउँछन्। तर केही विशेषज्ञहरू पर्याप्त वैज्ञानिक प्रमाण नभएको कारण सन्तुलित उपाय अपनाउनुपर्ने सुझाव दिएका छन्। अमेरिकी मनोविज्ञानी जोनाथन हेइड्टले धेरै समय स्क्रीनमा बिताउँदा किशोरहरूको मस्तिष्कमा असर पर्ने र मानसिक स्वास्थ्य सङ्कट बढ्ने चेतावनी दिनुभयो।

फ्रान्सको सार्वजनिक स्वास्थ्य निकाय एन्सेसले सामाजिक सञ्जालले किशोरहरूमा नकारात्मक प्रभाव पुऱ्याउने निष्कर्ष निकालेको छ। अनुसन्धानमा सामाजिक सञ्जाल अत्यधिक प्रयोग तथा पूर्ण रोक दुवै अवस्थामा समस्या देखिएको छ।

फ्रान्सका मनोचिकित्सक सर्ज टिसेरनले सामाजिक सञ्जाललाई हानिकारक भन्नुभयो, तर पूर्ण प्रतिबन्धले सामाजिक सञ्जालको प्रभाव सीमित हुन सक्ने बताउनुभयो। त्यसैले केही विशेषज्ञहरूले अष्ट्रेलियाको प्रयोगलाई परिणामको आधारमा हेरेर निर्णय लिन सुझाव दिएका छन्। अष्ट्रेलियाले भर्खरै १६ वर्षमुनिका चार लाख ७० हजार एकाउन्ट बन्द गरिसकेको छ। यस विषयमा विश्वभरका नीति निर्माता र विशेषज्ञहरू अझै बहसमा छन्।

### चीनको शेनझोउ-२० अन्तरिक्ष यान पृथ्वीमा सुरक्षित अवतरण

बेइजिङ, ५ माघ (रासस/सिन्ह्वा)।

चीनको 'शेनझोउ-२०' अन्तरिक्ष यान सोमबार बिहान उत्तर चीनको भित्री मङ्गोलिया क्षेत्रमा सुरक्षित रूपमा पृथ्वीमा अवतरण गरेको छ। उक्त यानमा कुनै पनि अन्तरिक्ष यात्री सवार थिएनन्।

'शेनझोउ-२०' चीनको मानवयुक्त अन्तरिक्ष कार्यक्रमअन्तर्गत तयार गरिएको एक अन्तरिक्ष यान हो, जसलाई अन्तरिक्ष यात्री र सामग्री अन्तरिक्ष स्टेशनसम्म लैजान तथा फिर्ता ल्याउन प्रयोग गरिन्छ। यो यान जिउछ्वान प्रक्षेपण केन्द्रबाट अन्तरिक्षमा पठाइएको थियो र अन्तरिक्ष स्टेशनसँग सफलतापूर्वक जोडिएको थियो। शेनझोउ-२० ले लामो समयसम्म अन्तरिक्षमा बसेर अनुसन्धान, परीक्षण तथा आपतकालीन तयारीसम्बन्धी कामहरू सम्पन्न गऱ्यो। अन्तरिक्षको फोहोरसँग ठोक्किएको आशङ्कापछि केही समय कक्षामै राखिएको यस यानले करिब २७० दिन अन्तरिक्षमा बिताएर सुरक्षित रूपमा पृथ्वीमा फर्केर चीनको अन्तरिक्ष प्रविधि र आपतकालीन क्षमताको सफल परीक्षण गरेको छ।

चीनको मानवयुक्त अन्तरिक्ष एजेन्सीका अनुसार अवतरणपछि गरिएको जाँचमा यानको बाहिरी भाग सामान्य अवस्थामा रहेको र भित्रका सामग्रीहरू पनि सुरक्षित रहेको पाइएको छ। यससँगै शेनझोउ-२० को अवतरण प्रक्रिया पूर्ण रूपमा सफल भएको जनाएको छ।

शेनझोउ-२० अन्तरिक्ष यान गत वर्ष जिउछ्वान प्रक्षेपण केन्द्रबाट अन्तरिक्षमा पठाइएको थियो र अन्तरिक्ष स्टेशनसँग जोडिएर लामो समयसम्म कक्षमा रहेको थियो। कुल २७० दिन अन्तरिक्षमा बसेपछि यो यान पृथ्वीमा फर्किएको हो। यस अवधिमा विभिन्न परीक्षण र अध्ययन गरिएको थियो।

यस यानका अन्तरिक्ष यात्रीहरू यसअघि नै सुरक्षित रूपमा पृथ्वीमा फर्किसकेका छन् र उनीहरू सबै स्वस्थ रहेका छन्।

# प्रधानमन्त्री कप जिल्ला छनोटमा राजबिराज बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

प्रधानमन्त्री कप पुरुष सिनियर जिल्ला स्तरिय छनोट क्रिकेट प्रतियोगितामा छिन्नमस्तालाई ५ बिकेटले पराजित गर्दै राजबिराज बिजयी भएको छ ।

सोमवार राजबिराजस्थित पविमाबि क्रिकेट मैदानमा छिन्नमस्ताले टस जितेर निर्धारित ५० ओभरमा २१ ओभर ४ बलमा सबै बिकेट गुमाई ८६ रनको योगफल खडा गरेको थियो । जसमा राजन यादव १८ रन, समिम रायन १४ रन बनाएका थिए ।

बलिङतर्फ राजबिराजका पप्पु यादव (ए) ले उत्कृष्ट बलिंग गर्दै ५ बिकेट लिएका थिए । यसैगरी कृष्णा यादव (ए) ३ तथा मनिष मण्डल, केशव रजकले समान्य १/१ बिकेट लिएका थिए ।

जवाफमा ८७ रनको लक्ष्य पछ्याउने क्रममा राजबिराजले २२ ओभरमा ५ बिकेट गुमाएर बिजयी हात पारेको हो । जसमा शत्रुघन चौधरीले १७, पप्पु यादव (ए) १५, निरज यादव १२ र फियाज आलम १० रन बनाएका थिए ।

बलिङतर्फ छिन्नमस्ताका कर्ण बहादुर बिकले उत्कृष्ट बलिङ गर्दै ४ र राजन यादवले १ बिकेट लिएका थिए ।

# चित्रगुप्त सेवा समितिद्वारा मधेशका दुई मन्त्री सम्मानित




**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

चित्रगुप्त सेवा समिति राजविराजले मधेश प्रदेश सरकारका दुई मन्त्रीलाई सम्मान गरेको छ ।

समितिले सोमवार एक कार्यक्रमको आयोजना गरि मधेश प्रदेशका अर्थ मन्त्री महेश प्रसाद यादव र श्रम तथा यातायात मन्त्री मनिष सुमनलाई सम्मान गरेको हो ।

सम्मान कार्यक्रमका प्रमुख अतिथि अर्थ मन्त्री यादवले एउटा जनप्रतिनिधि भएर विभेद मुक्त समाजको निर्माणमा लाग्नु हाम्रो उत्तर दायित्व भएको भन्दै हाम्रो कार्यले राजविराज कै सम्मानमा ठेस नपुग्नेमा सचेत रहेको बताए ।

कार्यक्रमका अर्को प्रमुख अतिथि मधेश प्रदेश सरकारका श्रम तथा यातायात मन्त्री सुमनले हामी सँधै स्वच्छ, पारदर्शी र निर्भिक रुपले शिर माथि उचाल्ने गरी काम गर्ने प्रतिवद्धता जनाए ।

चित्रगुप्त सेवा समितिका अध्यक्ष विमल कुमार कर्णको अध्यक्षतामा आयोजित सो कार्यक्रममा समितिका निवर्तमान अध्यक्ष अशोक कुमार कर्ण, निवर्तमान उपाध्यक्ष हरिमोहन लाल कर्ण, निवर्तमान महासचिव सतीश कुमार दत्त, महिला समितिका अध्यक्ष मालती चौधरी लगायतकाले शुभकामना व्यक्त गरेका थिए ।

समितिका महासचिव रणधिर कुमार कर्णद्वारा संचालित कार्यक्रममा समितिका उपाध्यक्ष रमेश मल्लिकले स्वागत व्यक्त गरेका थिए ।

# अग्निपीडितलाई धर्मी हल्फाको राहत

**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

धर्मी हल्का महिला विकास क्लब सप्तरीले तिरहुत गाउँपालिका १ धनपुरी टोलका अग्निपीडित परिवारलाई राहत सामग्री वितरण गरेको छ ।

आगलागीपछि सर्वस्व गुमाएर विचल्लीमा परेका जोगिन्द्र यादव परिवारलाई कम्बल, त्रिपाल, झुल, ब्ल्याङ्केट, थाल, गिलास, कराही, डेगची, छलनी, बाल्टी, मग, म्याट्रेसलगायत आवश्यक घरायसी सामग्री सहयोग स्वरुप प्रदान गरेको हो ।

क्लबका अध्यक्ष तथा समाजसेवी इन्जिनियर सूर्य नारायण यादवले पीडित परिवारलाई हस्तान्तरण राहत सामग्री हस्तान्तरण गरे ।

कार्यक्रममा अस्थायी प्रहरी पोस्ट त्रिकोलका प्रहरी सहायक निरीक्षक गया प्रसाद चौधरी, सशस्त्र प्रहरी सहायक निरीक्षक अजय यादव सहित स्थानीय भद्रभलाद्मी तथा समाजसेवीहरूको उपस्थिति रहेको थियो ।

माघ १ गते भएको आगलागीमा स्थानीय जोगिन्द्र यादवको घर जलेर नष्ट हुँदा करिब ६ लाख रुपैयाँ बराबरको धन माल क्षति भएको थियो ।

# यस वर्ष धान उत्पादनमा ४ प्रतिशतले कमी हुने

काठमाडौँ, ५ माघ (रासस) ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यसवर्ष धान उत्पादनमा गत वर्षको तुलनामा दुई लाख ५० हजार ३५० मेट्रिकटन कमी हुने जनाएको छ ।

मन्त्रालयले देशभर धान बालीको क्षेत्रफल र उत्पादकत्वमा कमी आएका कारण यसवर्ष ५७ लाख पाँच हजार १२६ मेट्रिकटन धान उत्पादन हुने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो । गत वर्ष ५९ लाख ५५ हजार ४७६ मेट्रिकटन उत्पादन भएको थियो । गत वर्षको तुलनामा धान उत्पादनमा ४.२० प्रतिशतले कमी आएको हो ।

आर्थिक वर्ष २०८१/८२ मा धान बाली भित्र्याइएको कूल क्षेत्रफल १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफल रहेकोमा चालु आवमा ३.८ प्रतिशतले घटेर १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफल कायम छ । मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार उत्पादकत्व गत आवमा ४.१९ मेट्रिकटनप्रति हेक्टर रहेको थियो ।

युवा पलायन, बसाइसराइ फलफूल तथा नगदेवालीको क्षेत्रफलमा भएको वृद्धि, तराई एवं सहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनको औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोग जस्ता कारणले धानखेतीको क्षेत्रफलमा केही कमी आएको छ ।

मधेस प्रदेशमा विशेष गरी धान लगाउने समयमा परेको खडेरीका कारण धान लगाएको क्षेत्रफलमा कमी आई धानको क्षेत्रफल घटेको हुँदा समग्रमा धान बालीको क्षेत्रफलमा कमी आएको हो । चालु आर्थिक वर्षमा उन्नत बीउविजन र मलखादको पर्याप्त उपलब्धता हुँदाहुँदै प्रतिकूल मौसमका कारण उत्पादकत्वमा केही कमी आएको सूचना अधिकारी जोशीले जानकारी दिनुभयो ।

# आगलागीबाट ६ लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

सप्तरीको कञ्चनरुप नगरपालिका वडा नं. ८ मा आगलागीबाट ६ लाख मुल्य बराबरको क्षति भएको छ ।

आईतबार राति स्थानीय वर्षीय रामचन्द्र ठाकुर र उनका भाइ राजकुमार ठाकुरको गाई गोठमा अचानक आगलागी हुँदा सो मुल्य बराबरको क्षति भएको हो ।

आगलागीबाट रामचन्द्रको टिनको छानो भएको कच्ची गोठ पूर्ण रुपमा जलेको छ भने गोठभित्र रहेका ४ वटा गाई जलेर मरेका छन् ।

त्यसैगरी, राजकुमारको गोठ पनि आगलागीबाट जलेको छ । गोठभित्र रहेका १ वटा गाई, ३ वटा बाछी र १ वटा बाखा जलेर मरेका छन् ।

आगलागीबाट दुबैजनाको तीन-तीन लाख गरी कुल ६ लाख रुपैयाँ बराबरको क्षति भएको ईलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

दमकल, नेपाल प्रहरी र स्थानीयवासीको सहयोगमा राति करिब ११:४५ बजे आगो पूर्णरुपमा नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ ।

# मन्त्री गुप्ताद्वारा राजीनामा

काठमाडौँ, ५ माघ (रासस) ।

युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले मन्त्री पदबाट राजीनामा दिनुभएको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दिने भएपछि मन्त्री गुप्ताले पदबाट राजीनामा दिनुभएको हो । "उम्मेदवारी दिने सिलसिलामा म अहिले सिरहा पुगेको छु, इमेलमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राजीनामा पठाउनुभएको छु," रासससँग कुरा गर्दै उहाँले भन्नुभयो, "आफ्नो राजीनामाबारे टेलिफोनमार्फत प्रधानमन्त्रीलाई जानकारी गराइसकेको छु ।"

जेनजी आन्दोलनपछि गठन भएको सरकारमा उहाँले युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी पाउनुभएको थियो । वर्तमान सरकारमा उहाँ जेनजी पुस्ताको प्रतिनिधित्व गरिरहनुभएको थियो ।

# उज्यालो पार्टीद्वारा सप्तरीका सबै क्षेत्रका उम्मेदवारको घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

कुलमान घिसिङले नेतृत्व गरेको उज्यालो पार्टी नेपालले सप्तरीको चार वटै क्षेत्रमा उम्मेदवार टुंग्याएको छ ।

पार्टीले जिल्लाको क्षेत्र नम्बर १ मा हर्खनारायण चौधरी, क्षेत्र नम्बर २ मा डा. दीपक चौधरी, क्षेत्र नम्बर ३ परमेश्वरलाल साह र क्षेत्र नम्बर ४ मा बिसोकुमार यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

हर्खनारायण कंचनरुप नगरपालिकाका, डा. दीपक राजविराज नगरपालिका-१३ बिषहरिया, परमेश्वरलाल बिष्णुपुर गाउँपालिका ७ र बिसो बोदेबर्साइन नगरपालिका १ का बासिन्दा हुन् ।

पार्टीको तर्फबाट मंगलबार चारै जनाले आ-आफ्नो क्षेत्र भित्रका निर्वाचन कार्यालयमा मनोनयन दर्ता गराउने सो पार्टीले जनाएको छ ।

### *जीर्ण सडक ...*

यसअघि पनि पटक पटक आन्दोलन गर्दा सम्बन्धित निकायका प्रतिनिधि तथा ठेकेदार कम्पनीका प्रतिनिधिले बाँकी रहेका सडक खण्डको कालोपत्रे अविलम्ब शुरु गर्ने आश्वासन दिएपनि त्यो आश्वासन व्यवहारमा भने लागु हुन नसकेको स्थानीयको गुनासो छ ।

### *अपहरणको...*

जानकारी प्राप्त भएपछि प्रहरी टोली घटनास्थलतर्फ खटिएको थियो । घटना भएको तर गोली प्रहारबारे अनुसन्धान भईरहेको घटनास्थलमै रहेका जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

घाइते दुवैलाई उपचारका लागि लहानस्थित प्रदेशिक अस्पतालमा भर्ना गरिएको छ । घटनामा संलग्न व्यक्तिहरूको खोजी तथा घटनाको विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### *वृद्धको रहस्यमय ...*

घटनाको थप अनुसन्धानका लागि प्रदेश प्रहरी कार्यालय मधेश प्रदेशबाट केनाई डग सहितको टोलीले प्रारम्भिक अनुसन्धान गरी शव पोष्टमार्टमका लागि विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाईएको उनले बताए ।

# मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सिंहद्वारा राजीनामा

धनुषा, ५ माघ (रासस) ।

मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिनुभएको छ ।

जनकपुरधामस्थित मधेस प्रदेशसभा कार्यालयमा प्रदेशसभाका सभामुख रामअशिष यादवसमक्ष पूर्वमुख्यमन्त्री सिंहले राजीनामा पत्र बुझाउनुभएको हो । मधेस प्रदेशसभाको प्रदेशसभा सचिवालयमा पेस गरिएको राजीनामा पत्रमा उहाँले नेपालको संविधान २०७२ को धारा १८० (क) तथा प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५ को नियम १८४ (१) बमोजिम प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएको उल्लेख गर्नुभएको छ ।

जनमत पार्टीबाट सप्तरीको प्रदेशसभा निर्वाचन क्षेत्र नं २ (क) बाट निर्वाचित सिंहले सोमबारैदेखि लागू हुनेगरी राजीनामा दिनुभएको हो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*